नागरिक
# आर्थिक

सोमबार, १९ माघ २०८२, Monday, 2 February 2026

**बजार**

सुन तोला - ३००,०००
चाँदी तोला - ५५००


| विदेशी मुद्रा | खरिद | बिक्री |
|---|---|---|
| अमेरिकी डलर - | १४६.८८ | १४७.४८ |
| युरो - | १७५.१२ | १७५.८३ |
| पाउन्ड स्टर्लिङ - | २०१.९४ | २०२.७६ |



# भारतले नेपाललाई पौने १३ अर्ब अनुदान दिने

नागरिक संवाददाता

*काठमाडौं, माघ १८*



भारतले नेपाललाइ दिने अनुदान बढाएको छ । भारतले नेपाललाई चालु आर्थिक वर्षमा करिब पौने १३ अर्ब रुपैयाँ अनुदान दिने भएको छ । भारतको 'छिमेक पहिलो' नीतिअन्तर्गत नेपाललाई उपलब्ध गराइने अनुदान रकम आठ अर्ब भारतीय रुपैयाँ दिने भएको छ।

भारतको आर्थिक वर्ष २०२६/२७ का लागि आइतबार भारतीय अर्थमन्त्री निर्मला सीतारमणले संसदमा प्रस्तुत गरेको वार्षिक बजेटमा नेपाललाई १२ अर्ब ८० करोड नेपाली रुपैयाँ अनुदान दिने बताएकी हुन् । छिमेकी मुलुकमध्ये भारतले सबैभन्दा बढी भुटानलाई दुई हजार दुई सय ८८ करोड भारतीय रुपैयाँ अनुदान उपलब्ध गराउने बताएको छ । पाकिस्तानबाहेक सबै दक्षिण एसियाली मुलुकलाई भारतले अनुदान दिँदै आएको छ।

भारत सरकारले आर्थिक वर्ष २०२३/२४ मा नेपाललाई ६ अर्ब ५७ करोड भारतीय रुपैयाँ अनुदान दिएको थियो । त्यसपछि आर्थिक वर्ष २०२४/२५ मा ७ अर्ब रुपैयाँ विनियोजन गरियो । आर्थिक वर्ष २०२५/२६ का लागि पनि सात अर्ब रुपैयाँ नै छुट्याइए पनि कुल खर्च भने आठ अर्ब ३० करोड रुपैयाँ पुगेको भारतीय बजेट दस्तावेजमा उल्लेख छ । भारतले नेपाल मात्र नभई अन्य छिमेकी मुलुकहरूप्रति पनि सहायता नीति परिमार्जन गरेको छ । आगामी आर्थिक वर्षको बजेटअनुसार भुटानलाई सबैभन्दा धेरै २२ अर्ब ८८ करोड भारतीय रुपैयाँ अनुदान दिने घोषणा गरिएको छ । त्यसपछि माल्दिभ्सलाई पाँच अर्ब ५० करोड, श्रीलंकालाई चार अर्ब र अफगानिस्तानलाई एक अर्ब ५० करोड रुपैयाँ विनियोजन गरिएको छ। श्रीलंकाका लागि अनुदान अघिल्लो वर्षभन्दा एक सय करोड रुपैयाँले बढाइएको छ भने अफगानिस्तानका लागि ५० करोड रुपैयाँ थप गरिएको छ । नेपालका सन्दर्भमा हेर्दा भारतले नेपाललाई दिने अनुदान वृद्धि केवल आर्थिक सहयोगको निरन्तरता मात्र होइन, दुई देशबिचको ऐतिहासिक, सांस्कृतिक, राजनीतिक र रणनीतिक सम्बन्धको प्रतिबिम्बका रूपमा देखिन्छ । नेपाल-भारत सम्बन्ध सदियौं पुरानो सभ्यता, भाषा, धर्म र सांस्कृतिक आदानप्रदानसँग गाँसिएको छ । यही गहिरो सम्बन्धका कारण भारतले आफ्ना छिमेकी मुलुकहरूमध्ये नेपाललाई सधैं प्राथमिकतामा राख्दै आएको देखिन्छ।

खुला सीमा व्यवस्था नेपाल-भारत सम्बन्धको विशिष्ट विशेषता हो । यसले दुवै देशका नागरिकबीच आवागमन, व्यापार, रोजगारी र सामाजिक सम्पर्कलाई सहज बनाएको छ । लाखौं नेपाली नागरिक भारतमा रोजगारी र व्यवसायमा संलग्न छन् भने भारतीय लगानी नेपालका विभिन्न क्षेत्रमा फैलिएको छ । यस्तो आपसी निर्भरता रहेको अवस्थामा नेपालमा स्थायित्व र विकास भारतका लागि पनि प्रत्यक्ष चासोको विषय बन्छ । त्यसैले 'छिमेक पहिलो' नीतिअन्तर्गत भारतले नेपालमा पूर्वाधार, ऊर्जा, शिक्षा, स्वास्थ्य र सीमा क्षेत्रका परियोजनामा सहयोग बढाउँदै आएको छ । रणनीतिक दृष्टिले पनि नेपाल भारतका लागि महत्त्वपूर्ण छ। हिमालय क्षेत्रको सुरक्षा, जलस्रोत व्यवस्थापन, सीमा सुरक्षा र क्षेत्रीय स्थायित्वका सवालमा नेपालसँग सहकार्य भारतको दीर्घकालीन हितसँग जोडिएको छ । कोसी, गण्डकजस्ता साझा नदी प्रणालीका परियोजनामा भारतको निरन्तर संलग्नता यसैको उदाहरण हो। यस्ता परियोजनाले बाढी नियन्त्रण, ऊर्जा उत्पादन र सिँचाइमार्फत दुवै देशलाई लाभ पुऱ्याउने अपेक्षा गरिएको छ। पछिल्ला वर्षहरूमा क्षेत्रीय तथा विश्व राजनीतिमा तीव्र परिवर्तन भइरहेका बेला भारतले नेपाललाई अनुदान वृद्धि गर्नु कूटनीतिक सन्देशसमेत हो । यसले नेपालसँगको सम्बन्धलाई अझ सुदृढ बनाउँदै आपसी विश्वास कायम राख्ने प्रयास झल्काउँछ। विकास सहायता वृद्धिसँगै नेपाल-भारत सम्बन्ध आगामी दिनमा अझ प्रगाढ हुने, सहकार्यका नयाँ आयाम खुल्ने र दुवै देशका जनताले प्रत्यक्ष लाभ पाउने अपेक्षा गरिएको छ।

**एन आई सी एशिया बैंक लिमिटेड**

NIC ASIA
एन आई सी एशिया बैंक लि.

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

**जमानतकर्तालाई ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ९० (नब्बे) दिने सार्वजनिक सूचना**

यस बैंकबाट तहाँ जमानतकर्ताले ऋणीले लिएको कर्जाको लागि व्यक्तिगत/संस्थागत जमानतदिनु भएकोमा उक्त कर्जा वापतको धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री/गैर बैंकिङ सम्पत्तिको रुपमा बिक्री/सकार गरि सो वापत प्राप्त भएको रकमले कर्जा खातामा आंशिक रुपमा हिसाव मिलान गरि बाँकी रहेको ऋण कर्जा, साँवा,व्याज,हर्जना व्याज तथा अन्य शुल्क चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ९०(नब्बे) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ९०(नब्बे) दिन भित्र यस बैंकमा सम्पर्क राखी लिलाम बिक्री / गैर बैंकिङ सम्पत्ति बिक्री/सकार वापतको रकमले कर्जा आंशिक रुपमा हिसाव मिलान गरि बाँकी रहेको रकम कर्जा साँवा,व्याज,हर्जना व्याज तथा अन्य शुल्क चुक्ता भुक्तान गर्नुहोला अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग गरेको लिखत, नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम तहाँ जमानतकर्तालाई समेत कालोसुचिमा समावेश गरि बाँकी रहेको कर्जा असुल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जाय जेथा श्रीसम्पत्तिबाट बाँकी सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १ | **विजय विश्वकर्मा** स्थायी ठेगाना : पर्वत जिल्ला, वासखर्क गाँउ पञ्चायत वडा नं. ८, हालको ठेगाना : पर्वत जिल्ला, जलजला गा.पा. वडा नं. २, बाबु : मनिरत्न विश्वकर्मा, बाजे : बलभद्र विश्वकर्मा |
| | **जमानीकर्ता : संगिता विश्वकर्मा,** स्थायी ठेगाना : पर्वत जिल्ला, माझफाँट गा.वि.स वडा नं. ८, हालको ठेगाना : पर्वत जिल्ला, जलजला गा.पा. वडा नं. २, बाबु : कविरास कारी, ससुरा : मनिरत्न विश्वकर्मा, पति : विजय विश्वकर्मा |
| २ | प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग,वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर, रुपन्देहीमा प्राईभेट फर्म दर्ता : ०६५०-८-२०७९/०८०, अन्तर्गत मिति २०७९/०९/०७ मा प्राईभेट फर्म दर्ता ऐन, २०७६ र नियमावली २०७६ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ६, स्थित **विकल्प आयुर्वेद** । |
| | **जमानीकर्ताहरु: १) विष्णु प्रसाद ज्ञवाली,** स्थायी ठेगाना : गुल्मी जिल्ला, रुरु गा.वि.स. वडा नं. २, हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ६, बाबु : हिमलाल ज्ञवाली, बाजे : रुक्मागत ज्ञवाली, **२) कमला ज्ञवाली,** स्थायी ठेगाना : गुल्मी जिल्ला, रुरु गा.वि.स. वडा नं. २, हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ६, बाबु : खगराज मरासिनी, ससुरा : हिमलाल ज्ञवाली, पति : विष्णु प्रसाद ज्ञवाली |
| ३ | प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय धनुषा, जनकपुरधाममा उद्योग दर्ता नं. १२१४६/१९/०७७/०७८ अन्तर्गत मिति २०७७/०४/०७ मा औद्योगिक व्यवसाय ऐन २०७६ को दफा ५ बमोजिम दर्ता भएको धनुषा जिल्ला, क्षिरेश्वरनाथ न.पा. वडा नं. ७ स्थित **अमुल डेरी उद्योग** । |
| | **जमानीकर्ताहरु: १) हरि नन्दन मण्डल,** ठेगाना : धनुषा जिल्ला, क्षिरेश्वरनाथ न.पा. वडा नं. ७, बाबु : राज किशोर मण्डल, बाजे : नथुनिया मण्डल, **२) राज किशोर मण्डल**, स्थायी ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १०, हालको ठेगाना : धनुषा जिल्ला, क्षिरेश्वरनाथ न.पा. वडा नं. ७, बाबु : नथुनिया मण्डल, बाजे : सुवर्ण मण्डल, **३) रानी वती देवी मण्डल**, स्थायी ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १०, हालको ठेगाना : धनुषा जिल्ला, क्षिरेश्वरनाथ न.पा. वडा नं. ७, बाबु : पुलकित मण्डल धानुक, ससुरा : नथुनिया मण्डल, पति : राज किशोर मण्डल, **४) जय शंकर मण्डल**, स्थायी ठेगाना : धनुषा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १, हालको ठेगाना : धनुषा जिल्ला, क्षिरेश्वरनाथ न.पा. वडा नं. ७, बाबु : राज किशोर मण्डल, बाजे : नथुनिया मण्डल, **५) रामहरी मण्डल**, स्थायी ठेगाना : धनुषा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १, हालको ठेगाना : धनुषा जिल्ला, क्षिरेश्वरनाथ न.पा. वडा नं. ७, बाबु : राज किशोर मण्डल, बाजे : नथुनिया मण्डल |
| ४ | **मिना गुरुङ** स्थायी ठेगाना : चितवन जिल्ला, पटिहानी गा.वि.स. वडा नं. ३, हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २२, बाबु : देश बहादुर तमाङ, ससुरा : चमार सिंह, पति : खेम बहादुर गुरुङ |
| | **जमानीकर्ता : खेम बहादुर गुरुङ,** स्थायी ठेगाना : चितवन जिल्ला, पदमपुर गा.वि.स. वडा नं. ८, हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २२, बाबु : चमार सिंह गुरुङ, बाजे : बदल सिंह गुरुङ |

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

**चौतारा साँगाचोकगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चौतारा, सिन्धुपाल्चोक**

**शिलबन्दी दरभाउपत्र (Sealed Quotation) स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति २०८२/१०/१९)

चौतारा सागाचोकगढी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकबाट मिति २०८२/०९/२४ गते अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित शिलबन्दी दरभाउपत्र (Sealed Quotation) आव्हानको सूचना अनुसार रितपूर्वक म्यादभित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका दरभाउपत्रदाताहरुको दरभाउपत्र (Sealed Quotation) मूल्यांकन गर्दा न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको दरभाउपत्रदाताको दरभाउपत्र (Sealed Quotation) स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | शिलबन्दी दरभाउपत्र (Sealed Quotation) | खरिद कार्यको प्रकृति | न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएका दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक रू. (भ्याट बाहेक) |
|---|---|---|---|---|
| 1. | CSGM/SQ/GOODS-01/2082/083(RE) | Procurement of Veterinary Medicine and Equipment for Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok | MAHAT VET CENTER Chautara Sangachokgadhi Municipality 10, Sindhupalchok | १०,४६,८४०.०० |

प्रमुख प्रशासकीय अधिकृत

# 'चैत पहिलो सातासम्म नयाँ संसद् भवनको बैठक र भिआइपी कक्ष तयार हुने'

भुवन शर्मा

*काठमाडौं, माघ १८*



प्रतिनिधिसभा सदस्यको फागुन २१ गते निर्वाचन भएपछि संसद्को पहिलो बैठक चैत पहिलो सातासम्म बस्ने सम्भावना छ। त्यतिबेलासम्म नयाँ संसद् भवन तयार पूरा हुन्छ कि हुँदैन भन्ने विषयमा संसद् सचिवालयका कर्मचारी चिन्तित छन् ।

सहरी विकास तथा भवन निर्माण विभागले चैत पहिलो सातासम्म फागुन नयाँ संसद् भवनको बैठक कक्ष र भिआइपी कक्ष तयार हुने जानकारी मुख्यसचिव र संसद् सचिवलायलाई गराएको छ।

विभागका महानिर्देशक रविन्द्र बोहराका अनुसार विभागका उच्च कर्मचारीहरूले संसद् सचिवालयका उच्च अधिकारीहरूलाई भेटेरै यस्तो जानकारी गराएका हुन् ।

अघिल्लो साता संसद् सचिवालयले २०८२ फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनपछि तत्काल बैठक सञ्चालन गर्न संसद् भवन तथा अन्य आवश्यक व्यवस्था गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका मुख्यसचिवलाई चिठी पठाएको थियो । त्यसपछि प्रधानमन्त्रीको कार्यालयले सहरी विकास मन्त्रालयका अधिकारीहरूसँग सोधपुछ गरेको थियो।

जवाफमा विभागले सचिवालय र मुख्यसचिवलाई चैत पहिलो सातासम्म संसद् बैठक बोलाउन एउटा मुख्य कक्ष र भिआइपी कक्ष तयार हुने औपचारिक जानकारी गराएको हो।

'संसद्को बैठक बोलाउन एउटा मुख्य हल तथा प्रधानमन्त्री, सभामुख, उपसभामुख, विपक्षी दलका नेतालगायतका भिआइपीहरूको कार्यकक्ष राख्ने कक्षका कोठा चैत पहिलो सातासम्म जसरी पनि तयार गर्छौं भनी आश्वासन दिएका छौं', बोहराले भने, 'ठेकेदार कम्पनीले यतिबेला रातमा समेत काम गरिरहेको छ । हामीले पनि चाँडो गर्न ताकेता गरिरहेका छौं ।' उनका अनुसार हलका लागि आवश्यक साउन्ड सिस्टमका लागि सामान आइसकेका छन्। कुर्सी ल्याउने काम भइरहेको छ। 'अब एक डेढ महिनाभित्र सबै काम सकिन्छ', उनले भने।

नयाँ बानेश्वरस्थित पुरानो संसद् भवन गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा जलाइएका कारण क्षतिग्रस्त भएको छ । नयाँ संसद् भवन बनिरहेका बेला संसद् सचिवलायले भवनको विषयमा गम्भीर चासो राखेको छ। फागुन २१ गते हुने निर्वाचनपछि संसद्को पहिलो बैठक चैत पहिलो सातासम्म बस्ने सम्भावना छ । त्यतिबेलासम्म नयाँ संसद् भवन र अन्य आवश्यक तयारी पूरा हुन्छ कि हुँदैन भन्ने विषयमा सचिवालयका कर्मचारीहरू चिन्तित छन् ।

'आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनपछि तत्काल बैठक सञ्चालन गर्न संघीय संसद् सचिवालयसँग आवश्यक सभाहल, पदाधिकारीहरू र सचिवालयका कर्मचारीहरूको कार्यकक्ष, संसदीय दलका कार्यालयहरू, सभा सञ्चालन गर्न आवश्यक अडियो, भिडियो रेकर्डिङ, प्रत्यक्ष प्रसारण, श्रव्यदृश्य र सूचना प्रविधिसम्बन्धी उपकरणलगायतका भौतिक संरचनासहितको पूर्वाधार नभएकाले सोको आवश्यक व्यवस्था मिलाइदिनुहुन अनुरोध गर्छु', संसद् सचिवालयकी सहसचिव बबिता मिश्रले मुख्यसचिवलाई पठाएको पत्रमा भनिएको छ।

बोहराका अनुसार यतिबेला नयाँ संसद् भवन निर्माणको काम ९० प्रतिशत बढी सकिएको छ। 'ठेकेदार कम्पनीले अहिले दैनिक तीन सय ७५ देखि तीन सय ८० जनासम्म कामदारबाट काम गराइरहेको छ। त्यसैले ठेकेदार कम्पनीले पनि चैतको पहिलो साता काम सक्ने गरी काम गरिरहेको हामीले पाएका छौं', सहरी विकास मन्त्रालयका एक उच्च कर्मचारी भन्छन्, 'नयाँ संसद् भवनको निर्माण कार्य शतप्रतिशत पूरा नभए पनि कमसेकम संसद्को बैठक राख्न मुख्य हल तयार गर्ने हाम्रो तयारी छ। बैठक हल तयार भइसकेपछि अन्य काम हुन्छ।'

तत्कालीन सहरी विकासमन्त्री कुलमान घिसिङले नयाँ बन्दै गरेको संसद् भवनको आकस्मिक निरीक्षण गरेका थिए । निरीक्षणका क्रममा उनले दुई सिफ्टमा काम गरेर भए पनि भवनको काम फागुन २१ गतेभित्र पूरा गर्न निर्देशन दिएका थिए। विभागका अनुसार नयाँ संसद् भवनमा अहिले साजसज्जा, सुरक्षा, लाइटिङको काम भइरहेको छ। 'अहिले हामीसँग अर्को विकल्प छैन। त्यसैले जसरी भए पनि चैत पहिलो साताभित्र नयाँ संसद् भवनको काम सक्नैपर्छ', बोहराले भने, 'हल नै नभएका कारणले संसद् बैठक नबसाउने भन्ने कुरा हुँदैन । जसरी भए पनि चैत पहिलो साताभित्रै काम सक्नुपर्छ।' संसद् सचिवालयले सहरी विकास मन्त्रालय मातहतको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रसँग भाडा सम्झौता रद्ध गरिसकेको छ।

सरकारले २०६४ सालदेखि नयाँबानेश्वरस्थित अन्तर ष्ट्रिय सम्मेलन केन्द्रलाई भाडामा लिएर संसद् बैठक सञ्चालन गर्दै आएको थियो । जेनजी आन्दोलनमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको भवनमा आगो लगाइएको थियो । यथास्थितिमा त्यहाँ संसद् बैठक बसाउन सम्भव छैन। त्यसैले अब निर्वाचित संसद्को पहिलो बैठक नयाँ संसद् भवनमा बसाउनैपर्ने बाध्यता सरकारलाई छ । नयाँ संसद् भवन निर्माण गर्न सहरी विकास मन्त्रालयले ठेकेदार कम्पनीको म्याद गत असार १२ गते पाँचौं पटक थप गरेको थियो। त्यसैले नयाँ संसद् भवनको काम समयमै कसरी शतप्रतिशत पूरा गर्ने भन्ने विषय यतिबेला मन्त्रालयका उच्च कर्मचारीहरूको टाउको दुखाइ बनेको छ । २०७९ सालको निर्वाचनपछि गठन हुने संसद्को पहिलो अधिवेशन सकेसम्म नयाँ भवनमा बसाउने त्यतिबेलाका मन्त्रीहरूले बताएका थिए तर त्यो सम्भव भएन। त्यसपछि तत्कालीन संसद्को हिउँदे अधिवेशन नयाँ भवनमा बोलाउने भनियो । त्यो पनि सम्भव नभएपछि एक वर्षभित्र संसद् भवन तयार गरी संसद् अधिवेशन त्यहीं डाक्ने घोषणा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले गरेका थिए। त्यो घोषणा पनि तोकिएको समयभित्र कार्यान्वयन भएन । नयाँ संसद् भवन बनाउन ६ वर्षअघि सुरु गरिएको हो।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७६ असोज १ गते नयाँ संसद् भवनको शिलान्यास गरेका थिए। २०८० फागुनमा सहरी विकास तथा भवन निर्माण विभागले भेरिएसन अर्डर (भिओ) प्रस्ताव स्वीकृत गरेपछि संसद् भवन बनाउन ५६ करोड रुपैयाँ थप खर्च लाग्ने भएको छ।

मन्त्रालयका एक उच्च कर्मचारी भन्छन्, 'संसद् भवन बेलैमा बन्न नसक्नुको एउटा कारण सरकारले ठेकेदार कम्पनीलाई कडिकडाउ गर्न नसक्नु हो । यसबाहेक समयमै डिपिआर (विस्तृत अध्ययन प्रतिवेदन) को पर्याप्त अध्ययन नहुनु, भविष्यमा आउन सक्ने जोखिम तथा कठिनाइबारे आँकलन गर्न नसक्नु, परामर्शदातालाई बेलैमा काम गर्न नदिनुले पनि भवन समयमा बन्न नसकेको हो ।' पटक-पटक डिजाइन परिवर्तन हुनुले पनि काममा विलम्ब भएको छ।

**मलेखु-मुग्लिन सडक**

# तीन वर्षमा ३७ प्रतिशत मात्र काम

चितवन, माघ १८ (रासस)- पृथ्वी राजमार्गअन्तर्गतको मलेखु-मुग्लिन सडक खण्डको काम सम्झौताअनुसार भएको भए पूरा भइसक्नुपर्ने थियो । तर सम्झौताअनुसारको तीन वर्षमा ३७ प्रतिशत मात्र काम सकिएपछि आयोजनाको म्याद छ महिना थप गरिएको छ।

विसं २०७९ पुस १५ गते तीन वर्षमा सम्पन्न गर्नेगरी यो सडक ठेक्का सम्झौता गरिएको थियो । मुग्लिन-नागढुंगा खण्डलाई तीन खण्डमा बाँडेर बोलपत्र आह्वान गरिएको थियो । तेस्रो चरणको म्याद गत पुस १५ मा सकिएपछि ६ महिनाका लागि थप गरिएको छ । नागढुंगा-मुग्लिन सडक आयोजनाअन्तर्गत पश्चिम खण्ड मुग्लिन-मलेखुका इन्जिनियर विजय दरैका अनुसार डिजाइनको तथ्यांक गलत पर्दा सडकको नक्सांकन फरक पर्दा समयमा काम हुन नसकेकाले निर्माण कम्पनीलाई १८३ दिन म्याद थप गरिएको हो । निर्माण कम्पनीले सडकको काम गर्ने ठाउँ खाली नगर्दा ढिलाइ भएको, रुख, खम्बा सार्न समयमा नसकिएको, निर्माण सामग्री सहज पाउन नसकिएको, सवारीको उच्च चापलगायत कारण निर्माण तोकिएको समयमा हुन नसकेको जनाउँदै आएको छ। दरैले अहिलेका लागि नक्सांकनको विषयलाई सम्बोधन गर्दै समय थप गरिएको भए पनि अन्य विषय छलफलमै रहेको बताए।

नागढुंगा-मुग्लिन सडक आयोजनाअन्तर्गतको मुग्लिन-मलेखु खण्डमा हालसम्म ३७.५ प्रतिशत मात्र काम भएको छ। दरैका अनुसार यो खण्डको नौ किलोमिटरभन्दा केही बढी कालोपत्र गरिसकिएको छ। धादिङको चरौदी क्षेत्रमा कालोपत्रे भइरहेको छ। फिस्लिङलगायत क्षेत्रमा कालोपत्रेको तयारी गरिएको छ।

नाली, बेरियर, पुललगायत सडकका विभिन्न क्षेत्रका काम भइरहेका छन् । उनका अनुसार दैनिक १५० हाराहारी मजदुरले काम गरिरहेका छन्। आयोजनाका तर्फबाट आवश्यक सहजीकरण गरेर थप भएको समयमा सक्ने गरी कामलाई तीव्रता दिन निर्माण कम्पनीलाई भनिएको छ।

यो खण्डमा ३८.८६ किलोमिटर सडक पर्छ। यो खण्डको २.२ किमि छ लेनको बन्नेछ। जुन मलेखु, बेनीघाट र मुग्लिन खण्डमा पर्छ । त्यस्तै ७.२ किमि सडक चार लेनको हुनेछ । चार लेन रमाइलो डाँडा, कुरिनटार, फिस्लिङ, चुम्लिङ, मझीमटार, चरौंदी र विशालटार क्षेत्रमा पर्ने जनाउँदै दरैले उकालो-ओरालो खण्डमा तीन लेनको 'क्लाइम्बिङ' मार्ग बनाइने बताए । उनका अनुसार 'क्लाइम्बिङ' मार्ग २.३ किमिको हुने छ । बाँकी भाग दुई लेनको हुनेछ।

शर्मा-जेडआइसिजीले चार अर्ब ८० करोड ५९ लाख रुपैयाँमा मुग्लिन-मलेखु खण्ड स्तरोन्नति गर्न ठेक्का लिएको हो । सडकका विभिन्न क्षेत्रमा कालोपत्रसँगै नाला बनाउने, पहिरो रोकथामका लागि संरचना निर्माण, भित्तो काट्ने, पर्खाल लगाउने, सडक सुरक्षालगायत काम बाँकी छ । यो सडक विश्व बैंकको सहयोगमा स्तरोन्नति गर्न लागिएको हो । काठमाडौं प्रवेश गर्ने र बाहिरिने मुख्य नाकाका रूपमा यो खण्ड रहेको छ।

# सात अर्ब ६४ करोडको दलहन भित्रियो

पर्सा, माघ १८ (नागरिक)- वीरगन्ज हुँदै चालु आर्थिक वर्षको ६ महिनामा सात अर्ब ६४ करोड रुपैयाँ मूल्य पर्ने सातथरिका दलहनजन्य खाद्यान्न भित्रिएको छ। गत आर्थिक वर्षको ६ महिनामा एक अर्ब ८० करोड रुपैयाँ बढी मूल्यको दलहन खाद्यान्न भित्रिएको हो ।

वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले गत आवको ६ महिनाको तुलनामा चालु आवको ६ महिनामा ३१ प्रतिशतले आयात बढेको बताए । जबकि गत आवको ६ महिनामा भने सातथरीका दलहन खाद्यान्न पाँच अर्ब ८३ करोड रुपैयाँको आयात भएको थियो । चालु आवको ६ महिनामा तीन अर्ब ८२ करोडको मुसुरो दाल आयात भएको छ।

त्यस्तै सोही अवधिमा एक अर्ब १७ करोड मूल्य पर्ने सिमी/राज्मा आया तभएको छ। चालु आवको ६ महिनामा एक अर्ब १४ करोड मूल्यको चना आयात भएको छ । त्यसैगरी एक अर्ब मूल्यको अन्य गेडागुडी आयात भएको छ। २७ करोड रुपैयाँ बराबर रहरको दाल र १६ करोड मूल्यको केराउ आयात भएको छ। त्यस्तै पाँच करोड १० लाख मूल्यको बकुल्ला आयात भएको छ।

CamScanner